# कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित
# निर्धन उत्थान बैंक लिमिटेड
# को
# नियमावली

१. **<u>कम्पनीको नाम:</u>**
यस कम्पनीको नाम "निर्धन उत्थान बैंक लिमिटेडू हूनेछ । यसलाई अंग्रेजीमा "Nirdhan Utthan Bank Limited" भनिनेछ । जसलाई यसपछि कम्पनी भनिएकोछ ।

२. **<u>कम्पनीको रजिष्टर्ड कार्यालय र कार्यक्षेत्र:</u>**
(१) यस कम्पनीको रजिष्टर्ड कार्यालय (केन्द्रीय कार्यालय) लूम्बिनी अञ्चल रुपन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं. ७ हिमालीपथमा रहनेछ ।
(२) यस कम्पनीको कारोबार गर्ने स्थान रुपन्देही, नवलपरासी, कपिलवस्तू, चितवन, पर्सा, बारा, रौतहट, पाल्पा, दांग र बांके जिल्ला हूनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कम्पनीले आफ्नो कार्यक्षेत्र अन्य जिल्लाहरुमा बढाउन सक्नेछ ।

३. **<u>कम्पनीको उद्देश्य:</u>**
यस कम्पनीको उद्धेश्य प्रबन्धपत्रको दफा ३ मा उल्लेख भए बमोजिम हूनेछ ।

४. **<u>कम्पनीको सभा बोलाउने तरिका र सभाको लागि दिनूपर्ने सुचना सम्बन्धी कूराहरु:</u>**
(१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हूनेछ:
(क) वार्षिक साधारण सभा
(ख) विशेष साधारण सभा ।
(२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले कारोबार गर्न इजाजत पाएको मितिले एक वर्षभित्र गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र गरिनेछ ।
(३) कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि संचालक समितिको बहूमतले निर्णय गरी संचालक समितिको अध्यक्ष वा निजको आदेशले कम्पनी सचिवले कम्तीमा २१ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै सभा हूने ठाउं, मिति समय र छलफल गर्ने विषय खोली सबै शेयरधनीहरुलाई सुचना दिइनेछ ।
(४) उपनियम (३) बमोजिम अध्यक्षले संचालक समितिको बैठक गराई साधारण सभा नबोलाएमा वा अध्यक्षले कम्पनी छोडी सम्पर्कविहिन भएमा वा निज देश बाहिर रहे बसेमा वा कावूबाहिरको परिस्थितिले निजले संचालक समितिको बैठक तथा साधारण सभामा उपस्थित हून नसक्ने अवस्था भएमा संचालक समितिको एकाउन्न प्रतिशत सदस्य उपस्थित भई कारण खूलाई साधारण सभा बस्ने निर्णय गर्न सक्नेछन । यसरी गरिएको निर्णयलाई राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक रुपले प्रकाशन गरी साधारण सभा बस्ने सम्बन्धमा शेयरधनीहरुलाई सुचना गरिनेछ । यसरी बस्ने संचालक समिति र साधारण सभाको अध्यक्षता सम्बन्धित संचालक र शेयरधनीहरुले आफुमध्येबाट छानेको व्यक्तिले गर्नेछन् ।

(५) उपनियम (३) वा (४) बमोजिम बोलाइएको साधारण सभामा नियम ५ बमोजिम गणपूरक संख्या नपूगी सभा हून नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पून: साधारण सभा बोलाइनेछ । यस्तो सुचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपुर्वकको सुचना दिइएको मानिनेछ ।

५. **<u>गणपूरक संख्या:</u>**

बांडफांड भएको कुल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हूने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको कारवाही हूने छैन ।

तर नियम ४ को उपनियम (५) उल्लेख भए बमोजिम पून: बोलाइएको साधारण सभामा कुल शेयर संख्याको पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हूनेगरी कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधी (प्रोक्सी)द्वारा उपस्थित भएमा सभा गर्न बाधा पर्नेछैन ।

६. **<u>साधारण सभाको कार्यविधि:</u>**

(१) साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्नेछन ।

(२) संचालक समितिको अध्यक्ष अनूपस्थित भएमा उपस्थित संचालकहरुले आफुमध्येबाट छानिएको संचालकले सभाको अध्यक्षता गर्नेछन ।

(३) सभा शूरु हूनू अघिको सभाको वैधता बारे छलफल गरी गणपूरक संख्या पूगे नपूगेको यकिन गरिनेछ ।

(४) गणपूरक संख्या पूगेको पाइएमा सभा विधिवत संचालन गर्न अध्यक्षले अनूमति दिनेछन ।

(५) सभाको विषयसूची (एजेण्डा) को रुपमा प्रस्तावहरु प्रस्तूत हूनेछन र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । एउटा प्रस्तावमा निर्णय नभइन्जेल अर्को प्रस्ताव पेश गरिनेछैन ।

(६) सभामा अध्यक्षले तोके बमोजिम शेयरधनीले आवश्यकतानूसार पालैपालो बोल्ने गरी छलफलमा भाग लिनेछन ।

(७) सभामा मत बराबर भएमा अध्यक्षको मत निर्णायक हूनेछ ।

(८) साधारण सभामा छलफलको लागि पेश भएका प्रस्तावहरु मध्ये सबै वा कूनै प्रस्ताव उपर छलफल एवं निर्णय हून बांकी रहेको अवस्थामा सो सभाको अर्को बैठक सात दिन भित्र लगत्तै बस्नेछ । सो सभामा त्यस्तो प्रस्ताव स्वत: समावेश भएको मानी सो प्रस्ताव उपर पहिले निर्णय गरी अन्य प्रस्ताव उपर छलफल गर्नूपर्नेछ ।

(९) साधारण सभामा पेश नभएको प्रस्ताव उपर निर्णय गर्न पाइने छैन । तर साधारण सभामा उपस्थित कुल शेयरधनीहरु विच सहमति भई कूनै विषयमा सर्वसम्मत निर्णय भएमा कूनै प्रस्ताव प्रस्तूत गर्न सकिन्छ ।

(१०) साधारण सभा सम्बन्धी अन्य व्यवस्था कम्पनी कानुनमा उल्लेख भए बमोजिम हूनेछ ।

७. **<u>विशेष साधारण सभा:</u>**

(१) कम्पनी कानुनमा उल्लेख भए बमोजिम विशेष साधारण सभा बोलाउन सकिने कूनै अवस्था उत्पन्न भएमा कम्पनीको विशेष साधारण सभा बोलाइनेछ ।

(२) विशेष साधारण सभा सम्बन्धी अन्य व्यवस्थाहरु वार्षिक साधारण सभा सरह हूनेछ ।

८. **<u>संचालकको संख्या र कार्यकाल:</u>**

कम्पनीको संचालक समिति सम्बन्धी व्यवस्था देहाय बमोजिम रहनेछ:

(१) कम्पनीको संचालकहरुको नियुक्ति तथा निर्वाचन प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनको अधिनमा रही वार्षिक साधारण सभाबाट हूनेछ । तर व्यवसायिक संचालकको नियुक्ति संचालक समितिले गर्नेछ ।

(२) कम्पनीमा ९ जनाको संचालक समिति हूनेछ, जसमा २ जना स्वतन्त्र व्यवसायिक संचालक हूनेछन । संचालक समितिको गठन र समूहगत प्रतिनिधित्व देहाय बमोजिम हूनेछ:

(क) “क” समूहका संस्थापक शेयरवालाहरुको निम्न बमोजिम तिन उपसमूहमा विभाजन गरिएको छ र ति उपसमूहहरुबाट जम्मा ५ (पांच) जना संचालक मनोनीत वा निर्वाचित हूनेछन:

| समूह “क” का उपसमूहहरु | मनोनित गर्ने | संख्या |
|---|---|---|
| उपसमूह “क“ | निर्धन संस्था र<br>ग्रामिण ट्रष्ट, वंगलादेशबाट | १ (एक जना) |
| उपसमूह “ख“ | निम्न वाणिज्य बैंकहरुबाट एक, एक जनाको दरले<br>नविल बैंक लि.<br>हिमालयन बैंक लि.<br>एभरेष्ट बैंक लि. | ३ (तिन जना) |
| उपसमूह “ग“ | निजी क्षेत्रका व्यक्तिहरु मध्येबाट | १ (एक जना) |

हाल बहालवाला संचालकको पदावधि कायम रहदासम्म समूह “क” को प्रतिनिधित्व गर्ने ६ जना संचालकहरु यथावत कायम रहनेछन ।

(ख) “ख” समूहका सार्वजनिक रुपमा बिक्री गरिने शेयरवालाहरुको साधारण सभाबाट २ (दुई) जना संचालक निर्वाचित हूनेछन् ।

(ग) नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवशायिक विशेषज्ञहरुको सूंचीबाट दूईजना व्यवसायिक संचालक नियूक्त हूनेछन ।

(३) संचालकहरुको पदावधि ४ वर्षको हूनेछ र पदावधि समाप्त भएको संचालक पून: निर्वाचित वा नियूक्त हून सक्नेछन ।

(४) वार्षिक साधारण सभा हूनूभन्दा अगावै कूनै संचालकको पद रिक्त हून आएमा बांकी अवधिको लागि संचालकको नियूक्ति संचालक समितिद्वारा गर्न सकिनेछ । कूनै संचालक त्यसरी रिक्त भएको पदमा नियूक्त संचालकको कार्यकाल रिक्त भएको संचालकको कार्यकालसम्मका लागि मात्र हूनेछ । तर कूनै संगठित संस्थाबाट मनोनित भएमा सोही संस्थाले अर्को संचालक नियूक्त गर्नेछ ।

(५) कूनै संगठित संस्थाले वा कूनै कम्पनीले यस कम्पनीको शेयर लिएको भए आफुले लिएको शेयरको अनूपातमा संचालक समिति नियूक्ति गर्दा निजको अनूपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक संचालक समेत नियूक्त गर्न सक्नेछ ।

९. <u>संचालक समितिको बैठक बोलाउने:</u>

समितिको बैठक अध्यक्षको आदेश बमोजिम कम्पनी सचिवले बोलाउनेछ ।

१०. **संचालक समितिको बैठक:**

(१) संचालक समितिको बैठक आवश्यकता अनूसार नियम ९ मा उल्लेख भएको पदाधिकारीले बोलाउनेछ । कुल संचालक संख्याको कम्तीमा एक तिहाइ संचालकहरुले लिखित अनूरोध गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभत्र संचालक समितिको बैठक बोलाउनू पर्नेछ । यसरी निजले पन्ध्र दिनभित्र बैठक नबोलाएमा सो कूरा खूलाई संचालक समितिको बैठक बोलाउन कम्पनी रजिष्ट्रारको कार्यालयमा निवेदन दिन सकिनेछ । यसरी प्राप्त भएको निवेदन उपर कम्पनी रजिष्ट्रारको कार्यालयले छानविन गरी अध्यक्षले बैठक नबोलाएको पाइएमा कार्यालयले एकाउन्न प्रतिशत संचालकको उपस्थितिमा बैठक बस्न अनूमति दिन सक्नेछ ।

(२) संचालक समितिको बैठकमा संचालकहरु स्वयम् उपस्थित हूनूपर्नेछ ।

(३) संचालकहरुको जम्मा संख्याको कम्तीमा एकाउन्न प्रतिशत संचालकहरु उपस्थित नभई संचालक समितिको बैठक हूने छैन ।
तर उक्त संख्यामा संचालकहरु उपस्थित नभएको कारणले संचालक समितिको बैठक हून नसकेकमा कम्तीमा ३ दिनको सुचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि यस उपनियममा उल्लेखित संख्यमा संचालक उपस्थित नभएमा संचालकहरुले गरेको काम, कारवाही तथा निर्णय मान्य हूनेछ ।

(४) संचालक समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछन । अध्यक्षको अनूपस्थितिमा बैठकमा उपस्थित संचालकहरुले आफुहरुमध्येबाट छानेको संचालकले अध्यक्षता गर्नेछन् ।

(५) संचालक समितिको बैठकमा बहूमतको निर्णय मान्य हूनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन ।

(६) संचालक समितिको बैठक बर्षमा कम्तीमा वाह्र पटक बस्नू पर्नेछ । तर दूईवटा वैठकबीचको फरक दूई महिनाभन्दा बढी हूने छैन ।

(७) बैठक बस्ने समय मिति, स्थान खोली छलफलमा पेश गरिने विषयसूची बैठक बोलाउने पदाधिकारीले बैठक हूनूभन्दा कम्तीमा ७ दिन अगावै संचालकहरुलाई सुचना पठाउनू पर्नेछ र यस्तो सुचना फेक्स वा इमेलमार्फत पनि पठाउन सकिनेछ । यसरी बोलाइएको बैठकमा विषयसूचीमा नपरेको विषयहरुमा पनि अध्यक्षले अनूमति दिएमा छलफल गर्न सकिनेछ ।

(८) उपनियम (७) जूनसूकै कूरा लेखिएको भए तापनि कूनै आकस्मिक विषयमा संचालक समितिको बैठक बोलाउन आवश्यक देखिएमा अध्यक्षको आदेश वा स्वीकृतिले ७ दिनको पुर्व सुचना बिना पनि संचालक समितिको बैठक बोलाउन सकिनेछ ।

(९) संचालक समितिको बैठकमा छलफल गरिएको विषय तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छूट्टै किताबमा लेखी अभिलेख राख्नूपर्नेछ र सो निर्णय विवरणमा बैठकमा उपस्थित सबै संचालकहरुले सही गर्नूपर्नेछ ।

(१०) यस नियमावलीमा अन्यत्र जूनसूकै कूरा लेखिएको भए तापनि संचालक समितिले गर्न पाउने कूनै कामको सम्बन्धमा संचालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पूस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ । त्यसरी भएको सहमतिलाई संचालक समितिको निर्णय सरह मानिनेछ ।

(११) कूनै संचालकलाई हटाउनू पर्ने अवस्था परेमा जून समुहबाट संचालक निर्वाचित भएको हो सोही समुहको बहूमत शेयरधनीले कम्पनीको साधारण सभाबाट प्रस्ताव पारित गरी संचालकलाई हटाउन सकिनेछ । यसरी रिक्त भएको स्थानमा सोही समुहले अर्को संचालक निर्वाचन गर्न समेत सक्नेछ ।

(१२) संचालक समिति सम्बन्धी अन्य कूराहरु प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनमा व्यवस्था भए अनूरुप हूनेछ ।

११. <u>संचालक नियूक्ति सम्बन्धि कूनै खास व्यवस्था गरेको भए सो कूरा:</u>

(१) कम्पनीको संचालकहरुको नियूक्ति प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनको अधिनमा रही साधारण सभाबाट हूनेछ र व्यवसायिक विशेषज्ञ संचालकको नियूक्ति समितिले गर्नेछ ।

तर कूनै संगठित संस्था, विदेशी बैंक वा वित्तीय संस्थाले शेयर लिएको अवस्थामा सो संस्थाले आफुले लिएको शेयरको अनूपातमा हून आउने संचालक नियूक्ति गर्न र निजको अनूपस्थितिमा काम गर्न सक्ने गरी वैकल्पिक संचालक समेत नियूक्त गर्न सक्नेछ ।

(२) संचालकको पदमा नियूक्त हून देहायको योग्यता पूगेको हूनू पर्नेछ:

(क) नियम १३ मा उल्लेखित शेयर आफ्नो नाममा लिएको वा शेयर लिनू नपर्ने भएको,

(ख) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनले तोकेको योग्यता पूगेको तथा सोही कानुन र कम्पनी कानुन बमोजिम अयोग्य नभएको ।

१२. <u>साधारण सभा तथा संचालक समितिको निर्णयको अभिलेख र त्यसको प्रतिलिपि तथा निरीक्षण सम्बन्धी व्यववस्था:</u>

(१) साधारण सभा तथा संचालक समितिको निर्णयको अभिलेख नियम १० बमोजिम निर्णय पूस्तिका (माइन्यूट बूक)मा लेखी हस्ताक्षर समेत गराई राख्नूपर्नेछ ।

(२) कम्पनीको निर्णयहरु शेयरधनीहरुले हेर्न चाहेमा कार्यालय समयभित्र देखाउनूपर्नेछ । प्रतिलिपि आवश्यक परी शेयरधनीबाट माग भएमा प्रतिपृष्ट रु. ५।०० को दस्तूर लिई कम्पनी सचिव वा कूनै संचालकले प्रतिलिपि प्रमाणित गरी दिनू पर्नेछ ।

१३. <u>संचालक हून लिनूपर्ने न्यूनतम शेयर संख्या:</u>

(१) यस कम्पनीको संचालकको हूने व्यक्तिले आफ्नो नाममा उपनियम (२) मा उल्लेखित संख्याको शेयर लिएको हूनू पर्नेछ ।

(२) कम्पनीको संचालकको पदमा नियूक्त हूनको लागि आफ्नो नाममा कम्तीमा दश (१०) थान शेयर लिएको हूनू पर्नेछ ।

तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवशायिक विशेषज्ञ संचालक तथा विदेशी वैंक वा वित्तीय संस्था वा संगठित संस्थाले कम्पनीमा लगानी गरी संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हूनेछैन ।

१४. <u>प्रोक्सी मत सम्बन्धी व्यवस्था:</u>

(१) कूनै शेयरधनी स्वयम् सभामा उपस्थित हून नसकी सो सभामा उपस्थित हून र मत प्रयोग गर्ने गरी प्रतिनिधि नियूक्त गर्नूपर्दा कम्पनीको अर्को कूनै एक शेयरधनी बाहेक अन्य कसैलाई प्रतिनिधि नियूक्त गर्न (प्रोक्सी दिन) पाइनेछैन ।

(२) एकभन्दा बढी व्यक्तिहरुले साझा शेयर लिएको भएमा त्यस्तो व्यक्तिले साधारण सभामा भाग लिने बारेमा त्यस्तो साझेदारहरुद्वारा नियूक्ति गरिएको साझेदारले वा निजहरुले उपनियम (१) बमोजिम नियूक्त गरेको प्रतिनिधिले र सो बमोजिम कूनै साझेदार नियूक्त हून नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा सो साझेदार मध्ये जसको नाम क्रमानूसार अघि लेखिएको छ सोही साझेदारले दिएको मत वा प्रतिनिधिपत्र मात्र मान्य हूनेछ ।

१५. <u>मतदान गर्ने अधिकार:</u>

(१) प्रचलित कम्पनी कानुन वा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीले आफुले लिएको प्रत्येक शेयर वापत एउटा मत दिने अधिकार हूनेछ ।

(२) फरक मताधिकार भएका शेयरहरु जारी गरिएको छैन ।

१६. <u>शेयरधनी बाहेक अन्य कूनै व्यबशायिक व्यक्तिलाई संचालक नियूक्ति गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियूक्ति प्रक्रिया सम्बन्धी व्यवस्था:</u>

(१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले कायम गरेको व्यबशायिक विशेषज्ञहरुको सूचीबाट संचालक समितिले एक (१) जना व्यवसायिक संचालक नियूक्त गर्नेछ ।

(२) निजको कार्यकाल चार वर्षको हूनेछ ।

(३) निजको काम, कर्तव्य र अधिकार तथा सूविधा अन्य संचालक सरह हूनेछ ।

१७. <u>स्वतन्त्र संचालक सम्बन्धी व्यवस्था:</u>

कम्पनीमा नेपाल राष्ट्र बैंकले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनले तोकेको व्यवस्थाको अधिनमा रही कायम गरेको व्यवशायिक विशेषज्ञहरुको सूंचीबाट संचालक समितिले नियूक्त गरेको १ जना व्यवसायिक संचालक नै स्वतन्त्र संचालकको रुपमा रहनेछ । निजको काम, कर्तव्य, अधिकार तथा सूविधा र कार्यकाल नियम १६ मा उल्लेख भए बमोजिम हूनेछ ।

१८. <u>प्रबन्धक संचालक रहने वा नरहने:</u>

प्रबन्ध संचालक सम्बन्धी व्यवस्था हाल राखिएको छैन । तर प्रबन्ध संचालक नियूक्त गर्नूपरेको खण्डमा प्रचलित कानुनको अधिनमा रही संचालक समितिको निर्णयानूसार हूनेछ ।

१९. <u>प्रबन्ध संचालक रहने हो भने निजको योग्यता, पारिश्रमिक तथा सेवा शर्त र काम, कर्तव्य र अधिकार:</u>

यस कम्पनीमा हाल प्रबन्ध संचालक राखिएको छैन । तर प्रबन्ध संचालक नियुक्ति गर्नु परेको खण्डमा प्रचलित कानूनको अधिनमा रही संचालक समितिले निजको योग्यता, पारिश्रमिक तथा सेवा शर्त र काम, कर्तव्य र अधिकार तोक्नेछ ।

२०. <u>प्रमूख कार्यकारी अधिकृतको नियूक्ति तथा निजको अधिकार र कर्तव्य:</u>

(१) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, प्रबन्ध पत्र र नियमावलीको अधिनमा रही कम्पनीको दैनिक काम, कारवाही सूचारु रुपले संचालन गर्नका लागि संचालक समितिले प्रमूख कार्यकारी अधिकृत नियूक्त गर्न सक्नेछ ।

(२) प्रमूख कार्यकारी अधिकृत कम्पनीको प्रमूख प्रशासक हूनेछ ।

(३) प्रमूख कार्यकारी अधिकृतको पदावधि ४ वर्षको हूनेछ र निज पून: नियूक्त हून सक्नेछन।

(४) प्रमूख कार्यकारी अधिकृतको पारिश्रमिक र सेवाको शर्त संचालक समितिले तोके बमोजिम हूनेछ ।

(५) प्रमूख कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हूनेछ:

(क) संचालक समितिको निर्णय लागु गर्ने र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, प्रबन्धपत्र र यस नियमावलीको अधिनमा रही कम्पनीको काम कारवाही तथा कारोबारको रेखदेख र नियन्त्रण गर्ने,

(ख) कम्पनीको वार्षिक बजेट र कार्य योजना तयार गरी स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,

(ग) कम्पनीको कर्मचारी विनियमावलीको अधिनमा रही आवश्यक जनशक्ति व्यवस्थापन गर्ने,

(घ) संचालक समिति र साधारण सभाद्वारा गरिएका निर्णय र नेपाल राष्ट्र बैंकद्वारा समय समयमा दिइएका निर्देशनहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ.) प्रचलित बैंक वा वित्तीय संस्था सम्बन्धी कानुन, प्रबन्धपत्र र यस नियमावलीको अधिनमा रही कम्पनीले नेपाल राष्ट्र बैंक वा अन्य कूनै निकायमा पेश गर्नूपर्ने विवरण, कागजपत्र, निर्णय आदि यथासमयमा पेश गर्ने, गराउने,

(च) कम्पनी संचालन गर्ने सम्बन्धमा तोकिएका अन्य कार्यहरु गर्ने, गराउने ।

(६) प्रमूख कार्यकारी अधिकृत आफ्नो कामको लागि संचालक समितिप्रति उत्तरदायी हूनेछ ।

२१. <u>संचालक समितिको अधिकार र कर्तव्य:</u>

संचालक समितिको अधिकार र कर्तव्य प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनमा उल्लेख भए बमोजिम तथा सोमा उल्लेख नभएकोमा कम्पनी सम्बन्धी कानुनमा व्यवस्था गरिए अनूरुप हूनेछ ।

२२. <u>शेयरमा लियन रहने कूरा:</u>

शेयरधनीहरुले कम्पनीलाई तिर्न बांकी रहेको शेयरको रकम वा कानुन बमोजिम कम्पनीलाई बूझाउनूपर्ने बांकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बांडिने लाभांशमा समेत कम्पनीको लियन वा दाबी रहनेछ ।

२३. <u>विभिन्न वर्गको शेयर जारी गर्ने भए सोको विवरण र शेयरधनीको हकहित तथा विशेष सूविधाको विवरण:</u>

साधारण शेयर बाहेक अन्य वर्गका शेयरको सम्बन्धमा हाललाई कूनै व्यवस्था गरिएको छैन । साधारण शेयरको समुहगत संरचना प्रबन्धपत्रको दफा ५ को खण्ड (घ) र (ङ.) मा उल्लेख गरिए बमोजिम हूनेछ ।

२४. <u>अग्राधिकार शेयर सम्बन्धी व्यवस्था:</u>

कम्पनीको सम्पूर्ण शेयरहरु साधारण शेयरले बनेको हूंदा हाललाई अग्राधिकार शेयर सम्बन्धमा व्यवस्था गरिएको छैन । सो अग्राधिकार शेयर सम्बन्धी व्यवस्था गर्नू परेको खण्डमा प्रचलित कानुनको अधिनमा रही नेपाल राष्ट्र बैंकको स्वकिृति लिई अग्राधिकार शेयर जारी गर्न सकिनेछ।

२५. <u>शेयर वापतको रकम भूक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्था:</u>

बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन र कम्पनी कानुनको अधिनमा रही कम्पनीले आवश्यकतानूसार शेयर वापतको रकम भूक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भूक्तानी तथा शेयर जफत सम्बन्धी अन्य कूराहरु कम्पनी कानुनमा गरिएको व्यवस्था बमोजिम हूनेछ ।

२६. <u>शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था:</u>

(१) कम्पनीको कूनै शेयरधनीले आफ्नो शेयर अर्को व्यक्तिलाई बिक्री गरेमा शेयर खरीद गर्ने व्यक्तिले त्यस्तो शेयर दाखील खारेज गर्नको निमित्त प्रचलित कानुनले तोकेको ढांचामा

तोकिएको दस्तूर, शेयर खरिद विक्रि सम्बन्धी लिखित र शेयरको प्रमाणपत्र सहित कम्पनीको रष्टिर्ड कार्यालयमा निवेदन दिनू पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन परेमा कम्पनीले प्रबन्धपत्रको दफा ७ को अधिनमा रही दर्ता किताबमा साविक शेयरवालाको नाम खारेज गरी हालको शेयरवालाको नाम दर्ता गर्नेछ ।

(३) संस्थापक वर्गको शेयर हस्तान्तरण सम्बन्धी व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, कम्पनी तथा धितोपत्र सम्बन्धी प्रचलित कानुन बमोजिम हूनेछ ।

२७. शेयर पूंजी थपघट गर्ने कूरा:

कम्पनीले शेयर पूंजी थप घट गर्ने व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन र प्रचलित कानुनमा उल्लेखित प्रावधान अनूरुप हूनेछ ।

२८. कम्पनीले आफ्नो शेयर आफैले खरिद गर्ने बारे:

कम्पनीले आफ्नो शेयर आफै खरिद गर्दा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, नेपाल राष्ट्र बैंकबाट जारी गरिएको निर्देशन र प्रचलित कानुनमा उल्लेखित प्रावधान अनूरुप हूनेछ ।

२९. विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए सो कुरा:

कम्पनीले हाल साधारण शेयर मात्र जारी गर्नेछ । विभिन्न वर्गका शेयरहरु जारी गर्नु परेको खण्डमा प्रचलित कानूनको रीत पु(याएर मात्र जारी गरिनेछ ।

३०. विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरधनीहरुको विशेष अधिकार र सुविधा:

कमपनीले हाल साधारण शेयर मात्र जारी गरेको छ । विभिन्न वर्गका शेयरहरु जारी गर्नु परेको खण्डमा विभिन्न वर्गका शेयरधनीहरुको विशेष अधिकार प्रचलित कानूनको रीत पु(याएर व्यवस्था गरिनेछ ।

३१. संचालकको पारिश्रमिक, भत्ता र सूविधा सम्बन्धी व्यवस्था:

(१) संचालकले पाउने पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सूविधा देहाय बमोजिम हूनेछ:

(क) संचालक समितिको बैठकमा उपस्थित भए वापत अध्यक्षले रु. २,५००।०० तथा अन्य संचालकहरुले पाउने बैठक भत्ता रु. २,०००।०० हूनेछ ।

(ख) कम्पनीको कामको सिलसिलामा भ्रमणमा जानूपर्दा संचालकले स्वदेशभित्र दैनिक रु. १,०००।, भारतमा भा.रु. १,०००। र अन्य देशमा अमेरिकी डलर १०० खाना खर्च वापत, लजिंग खर्च र भ्रमण खर्च लागेको खर्चको विल बमोजिम भूक्तानी पाउनेछन ।

(ग) संचालकलाई उपलब्ध गराइने अन्य सूविधा साधारण सभाले समय समयमा तोके बमोजिम हूनेछ ।

(२) संचालकले यस नियममा लेखिदिए बाहेक कूनै व्यक्तिगत फाइदा वा सूविधा लिएको पाइएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन बमोजिम कसूर गरेको मानी त्यस्तो रकम निजबाट असुलउपर गरिनेछ ।

३२. कम्पनीको छाप प्रयोग गर्ने:

(१) कम्पनीको छाप प्रमूख कार्यकारी अधिकृतको जिम्मेवारीमा रहनेछ । निजले आवश्यकता अनूसार कम्पनीको छाप प्रयोग गर्न मातहतका कर्मचारीहरुलाई अख्तियारी प्रत्यायोजन गर्न सक्नेछन ।

(२) कम्पनीको छाप अनधिकृत रुपमा प्रयोग गरी कम्पनीलाई कूनै दायित्व सृजना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत सृजना हूने रकम असुल उपर गरिनेछ ।

३३. **कम्पनीको लेखा हिसाब किताब र लेखापरीक्षण:**

(१) कम्पनीले आफ्नो हिसाब किताब, बही, खाता श्रेस्ता र लेखाको अभिलेख यथार्थ र दूरुस्त रुपमा प्रतिविम्वीत हूने गरी प्रचलित कानुन अनूसार अधिकार प्राप्त निकायले लागु गरेको लेखामान ढब्अअयगलतष्लन क्तबलमबचमण अनूरुप अद्यावधिक रुपमा राख्नूपर्नेछ र त्यस्तो लेखामान नेपाल राष्ट्र बैंकले अन्यथा स्वीकृत दिएकोमा बाहेक आफ्नो रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा राख्नेछ ।

(२) कम्पनीले आफ्नो वासलात र नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरण नेपाल राष्ट्र बैंकले तोकिदिएको ढांचा तथा तरिका अनूरुप राख्नेछ ।

(३) कम्पनीले आर्थिक वर्ष समाप्त भएको पांच महिनाभित्र वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका अन्य वित्तीय विवरणहरु नेपाल राष्ट्र बैंकले तोकिदिएको ढांचा र तरीका अनूसार तयार गरी आफ्नो हिसाब किताबको लेखापरीक्षण गराउनेछ । त्यस्तो वित्तीय विवरणमा कम्तीमा दूईजना संचालक, प्रमूख कार्यकारी अधिकृत र लेखापरीक्षकको सही भएको हून्‌ पर्नेछ ।

(४) लेखापरीक्षकको नियूक्ति कम्पनीको साधारण सभाबाट हूनेछ । तर प्रथम साधारण सभा हूनूभन्दा अघि संचालक समितिले लेखापरीक्षकको नियूक्ति गर्नेछ र एउटै लेखापरीक्षकलाई लगातार तीन पटकभन्दा बढी अवधिको लागि नियूक्ति गर्न सकिनेछैन ।

(५) साधारण सभाले उपनियम (४) बमोजिम लेखापरीक्षक नियूक्तिको लागि शिफारिस गर्दा नेपाल राष्ट्र बैंकले सूचिकृत गरेको लेखापरीक्षकहरुको सूचिमा समावेश रहेका लेखापरीक्षकहरु मध्येबाट गर्नूपर्नेछ र त्यसरी नियूक्त भएको मितिले १५ दिनभित्र निजको नाम नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउनू पर्नेछ ।

(६) उपनियम (३) बमोजिमको अवधिभित्र लेखापरीक्षण गराउन नसकेमा कम्पनीले मनासिव कारण सहित म्याद थपका लागि नेपाल राष्ट्र बैंकमा अनूरोध गनू पर्नेछ र त्यस्तो अवस्थामा नेपाल राष्ट्र बैंकले बढीमा तीन महिनाको अवधि थप गरिदिन सक्नेछ।

(७) लेखा परीक्षकले आफुले गरेको लेखा परीक्षण प्रतिवेदनको एक/ एक प्रति कम्पनी र नेपाल राष्ट्र बैंकमा पेश गर्नू पर्नेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपी वार्षिक साधरण सभाको सुचनासंग संलग्न गरी प्रत्येक शेयरधनी र कम्पनी रजिष्ट्रारको कार्यलयमा समेत प्रचलित कानुन बमोजिम पठाउनू पर्नेछ ।

(८) लेखापरीक्षक सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन तथा कम्पनी कानुन अनूरुप हूनेछ ।

(९) कम्पनीको अद्यावधिक हिसाब किताव कूनै शेयरधनीले हेर्न चाहेमा यथाशीघ्र हेर्न दिनूपर्नेछ ।

३४. **लेखा परीक्षण समिति सम्बन्धी व्यवस्था:**

कम्पनीले कम्पनी सम्बन्धी प्रचलित कानुन र नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनको अनूकुल हूने गरी लेखापरीक्षण समितिको व्यवस्था गर्नेछ ।

३५. **ऋण वा डिवेन्चर सम्बन्धी व्यवस्था:**

कम्पनीले डिवेञ्चर उठाउदा प्रचलित कम्पनी कानुनको अधिनमा रही गरिनेछ ।

३६. <u>कम्पनी गाभिने कूरा:</u>

यस कम्पनीमा कूनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई अर्को कूनै बैंक र कम्पनीमा गाभ्न आवश्यक भएमा प्रचलित बैंक तथा वित्तीय संस्था तथा कम्पनी सम्बन्धी कानुन बमोजिम प्रक्रिया पूरा गरी कम्पनीलाई गाभ्न सकिनेछ ।

३७. <u>लाभांश सम्बन्धी व्यवस्था:</u>

(१) लाभांश वितरण गर्ने निर्णय गरेको पैतालिस दिनभित्र लाभांश वितरण गर्नू पर्नेछ ।

(२) उपनियम (१) बमोजिम लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको व्याज समेत दिनू पर्नेछ ।

(३) कम्पनीले प्रचलित कानुनको अधिनमा रही नेपाल राष्ट्र बैंकबाट स्वीकृति बमोजिम अन्तरिम लाभांश वितरण गर्न सक्नेछ ।

(४) यस नियमावलीमा अन्यत्र जूनसूकै कूरा लेखिएको भए तापनि कम्पनीले शेयर वापत माग गरेको रकम चूक्ता नगर्ने शेयरधनीलाई सो हदसम्म निजको लाभांश रोक्का राख्न सक्नेछ ।

३८. <u>कूनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खूलाउनू पर्ने भनी प्रचलित कानुनमा कूनै व्यवस्था गरिएको भए त्यस्तो कूरा:</u>

(१) यो कम्पनी प्रचलित कम्पनी कानुन अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन अन्तर्गत संचालित लघूवित्तीय व्यवसाय गर्ने कम्पनी हो ।

(२) नेपाल राष्ट्र बैंकले निर्देशन दिए बमोजिम तोकिदिएको मितिभित्र तोकिएको ढांचामा कम्पनीले आफ्नो वित्तीय विवरण र अन्य आवश्यक विवरण नियमित रुपले नेपाल राष्ट्र बैंकमा पेश गर्नूपर्नेछ ।

(३) कम्पनीमा रहेको निक्षेप उपर सो निक्षेप राख्ने व्यक्ति बाहेक अरु कसैको हकदाबी लाग्नेछैन । निक्षेप राख्ने व्यक्तिको मृत्यू भएमा निजले कसैलाई इच्छाएको भए त्यस्तो इच्छाएको व्यक्तिको र त्यस्तो इच्छयाइएको व्यक्तिको पनि मृत्यू भएको रहेछ वा कसैलाई इच्छयाइएको रहेनछ भने देहायका व्यक्ति मध्ये प्राथमिकताक्रम अनूसार जून व्यक्ति जीवित छ, सोही व्यक्तिको त्यस्तो निक्षेप उपर पहिलो हकदाबी लाग्नेछ ।

(क) सगोलको पति वा पत्नी

(ख) सगोलको छोरा, धर्मपूत्र वा छोरी वा धर्मपूत्री

(ग) सगोलको बाबू, आमा, छोरापट्टिको नाति वा नातिनी

(घ) भिन्न बसेको पति वा पत्नी, छोरा, अविवाहिता छोरी, बाबू वा आमा

(ङ.) सगोलको बाबूपट्टिको बाजे, बज्यै, दाजू, भाई अविवाहिता दिदी वा बहिनी,

(च) सगोलको भतिजा, भतिजी, सौतनी आमा, भिन्न बसेको छोरा पट्टिको नाति वा अविवाहिता नातिनी

(छ) सगोलको काका, विधवा काकी, भाउजू, भाई(बूहारी वा नातीनी बूहारी

(ज) भिन्न बसेको दाजू वा भाई

(झ) विवाहिता दिदी, बहिनी, भिन्न वसेका बाजे, बज्यै, विधवा छोरा बूहारी, नातिनी बूहारी, वा भतिजा

तर, उपरोक्त प्राथमिकता पर्ने कोही व्यक्ति नभएको अवस्थामा त्यस्तो निक्षेप उपर हकवालाको दाबी रहेनछ र हकवाला पनि नभएको अवस्थामा सो निक्षेप नेपाल सरकारको हूनेछ ।

(४) इजाजतपत्र प्राप्त संस्थामा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मन्जूरी बाहेक अन्य कूनै व्यक्तिलाई दिइने छैन ।

(५) कम्पनीमा रहेको निक्षेप हक पुग्ने व्यक्तिको मन्जूरी बाहेक अन्य कूनै प्रकारले जफत गरिने छैन । तर कम्पनीमा निक्षेप राखेको रुपैया नै धितो वा जमानत राखी लेनदेन कारोबार गरेको वा प्रचलित कानुन बमोजिम जफत हूने अवस्थामा त्यस्तो निक्षेप जफत गर्न यस उपनियमले बाधा पु¥याएको मानिनेछैन ।

(६) कम्पनीको १० वर्षदेखी चल्ती नभएका तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन बमोजिम हकदाबी नपरेका निक्षेप खाताहरुको विवरण प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र नेपाल राष्ट्र बैंकमा पठाउनू पर्नेछ ।

(७) कम्पनीको कूनै संचालक, कार्यकारी प्रमूख, लेखापरीक्षक, तथा व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्ति वा कम्पनी सचिवले आफु कम्पनीमा बहाल रहदा सम्म कम्पनीको शेयर आफ्नो वा आफनो नजिकको नातेदारको वा निजहरुको नियन्त्रणमा रहेको संघ, संस्था, फर्म वा कम्पनीको खरिद विक्री गर्न गराउन, धितो बन्धक राख्न, दान बकस लिनूदिनू गर्न हूदैन । तर नयां शेयर जारी गरिएको अवस्थामा यो प्रतिवन्ध लागु हूनेछैन ।

(८) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन वा सो अन्तर्गत बनेका नियम, विनियमहरु बमोजिम नेपाल सरकार वा नेपाल राष्ट्र बैंकले दिएको कूनै आदेश वा निर्देशनको पालना गर्दा कसैलाई कूनै किसिमको हानी नोक्सानी भएमा कम्पनीसंग भएको करारमा वा कम्पनीको अरु व्यवस्थामा जूनसूकै कूरा लेखिएको भए तापनि अनाधिकार प्रयोग गरेको बाहेक क्षतिपूर्तिको दाबी लाग्ने छैन ।

(९) आफ्नो काम, कारोबार सूव्यवस्थित रुपले संचालन गर्न तथा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनको उद्देश्य कार्यान्वयन गर्न नेपाल राष्ट्र बैंकको स्वीकृति लिई कम्पनीले विनियम बनाउन सक्नेछ । संचालक समितिले आवश्यकतानूसार कार्यविधि, निर्देशिका एवं नीति बनाई लागु गर्न सक्दछ ।

(१०) कम्पनीको काम, कारोबार संचालन गर्नको लागि संघ, संस्था, विशेषज्ञ वा कूनै दक्ष व्यक्तिबाट व्यवस्थापन सम्बन्धी सरसल्लाह लिन सकिन्छ । कम्पनीको संचालन वा व्यवस्थापन गर्न उचित शर्तहरुको आधारमा व्यवस्थापन सम्झौता गरी जिम्मा दिन सक्नेछ तथा आवश्यकतानूसार माथि उल्लेखित सबै वा केही उद्देश्यहरुको परिपूर्ति गर्नको लागि आवश्यक सम्पुर्ण कार्यहरु गर्न सक्नेछ ।

(११) कम्पनीले आफ्नो कुल सम्पत्ती र वासलात बाहिरको कारोवारको दायित्व सम्बन्धी जोखिमलाई खाम्न सक्ने गरि नेपाल राष्ट्र बैंकले तोकिदिए बमोजिमको अनूपातमा जोखिम व्यहोर्ने कोष राख्नेछ ।

(१२) वित्तिय संस्थाले आफ्नो कुल जोखिम सम्पत्तीको आधारमा नेपाल राष्ट बैंकले तोकिदिएको अनूपातमा पूजीकोष कायम गर्नेछ ।

(१३) प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन बमोजिम कम्पनी माथिल्लो वर्गको वित्तिय संस्थामा परिणत हून सक्नेछ ।

३९. <u>शेयर तथा डिवेञ्चर दर्ता किताबका निरीक्षण:</u>

(१) कम्पनीको शेयरवाला तथा डिवेञ्चरवालाले शेयर वा डिवेञ्चर दर्ता किताब निरीक्षण गर्न चोहमा कम्पनीले निरीक्षण गर्न दिनू पर्नेछ ।

तर कम्पनीले राष्ट्रिय स्तरको पत्रिकामा ७ दिन अगावै सुचना प्रकाशन गरी एक वर्षमा पैतालिस दिनमा नवढाई एक पटकमा बढीमा तीस दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

(२) कसैले शेयरवाला दर्ता किताबको प्रतिलिपि लिन चाहेमा उपनियम (१) बमोजिमको प्रतिवन्धात्मक वाक्यांश बमोजिम निरीक्षण बन्द गरिएको अवस्थामा बाहेक प्रति पृष्ट रु. ५।०० दस्तूर लिई प्रतिलिपि दिइनेछ ।

४०. <u>कम्पनी सचिव सम्बन्धि व्यवस्था:</u>

(१) प्रचलित कानुनले तोकेको योग्यता पुगेको नेपाली नागरिकलाई संचालक समितिले कम्पनीको कम्पनी सचिवको पदमा नियूक्त गर्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी सचिव नियूक्त गर्दा कम्पनीमा कार्यरत कर्मचारीलाई समेत कम्पनी सचिवको काम हेर्ने जिम्मेवारी दिन सकिनेछ र तर उल्लेखित योग्यता पूगेको कम्पनीमा कार्यरत कर्मचारी बाहेक कूनै पनि नेपाली नागरिकलाई कम्पनी सचिवको पदमा नियूक्ति गर्दा निजको पदावधि, सेवा र शर्त सम्बन्धी व्यवस्था संचालक समितिले तोके बमोजिम हुनेछ ।

(३) कम्पनी सचिवको काम, कर्तव्य र अधिकार प्रचलित कानुन बमोजिम हूनेछ ।

४०. <u>अन्य आवश्यक कूराहरु:</u>

(१) नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था र कम्पनी सम्बन्धी कानुनमा परिभाषित शब्द वा शब्दावलीहरु यस नियमावलीमा समेत सोही अर्थमा प्रयोग भएको मानिनेछ ।

(२) कम्पनीको आर्थिक वर्ष श्रावण १ गतेदेखि अर्को वर्षको आषाढ मसान्तसम्म हूनेछ।

(३) कम्पनीको शेयर चल सम्पत्ति मानिनेछ र प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, कम्पनी तथा धितोपत्र सम्बन्धी कानुन तथा प्रबन्धपत्र र यस नियमावलीको अधिनमा रही कम्पनीको शेयर धितो बन्धक राख्न वा सोको विक्रि गरी हक हस्तान्तरण गर्न सकिनेछ ।

(४) लाभांश घोषणा गर्दाको समयमा लगत किताबमा जसको नाममा शेयर कायम रहेको छ सो शेयरधनी लाभांशको हकदार हूनेछ ।

(५) कम्पनीको संचालक तथा कर्मचारीहरुले आफ्नो ओहदा सम्हाल्नू पुर्व तोकिए बमोजिम गोपनियता र इमान्दारिताको शपथ गर्नू पर्नेछ ।

(६) कम्पनीको कूनै संचालक वा कर्मचारीले वा अन्य सम्बद्ध पक्षले आफ्नो कामको सिलसिलामा थाहा पाएको कूनै पनि सुचना वा जानकारी वा गोप्य कूराहरु कानुनले छूट दिएको अवस्थामा बाहेक अन्य अनाधिकृत व्यक्तिलाई थाहा दिनू हूँदैन ।

(७) संचालक समितिले संचालकहरुको निर्वाचन सम्बन्धी निर्वाचन निर्देशिका बनाई लागु गर्नसक्नेछ ।

(८) संचालक नियूक्ति वा संचालक समितिको गठनमा भएको अनियमितता वा कूनै संचालकको पद रिक्त रहेको कारणले संचालक समितिको कूनै काम कारवाही बदर हूने छैन ।

(९) कम्पनीले संचालक, शेयरधनी, कर्मचारी वा कम्पनीसंग सम्बन्धित विषयको सम्बन्धमा कूनै सुचना, म्याद, बन्दसवाल आदि तामेल गर्दा कम्पनी कानुन तथा विद्यूतिय ( इलेक्ट्रोनिक) कारोबार सम्बन्धी प्रचलित कानुन बमोजिम गर्न सकिनेछ ।

(१०) शेयर बांडफांड भएको मितिले दूई महिनाभित्र प्रत्येक शेयरधनीलाई निजले लिएको शेयर वापत कूनै संचालक समितिका अध्यक्ष वा कूनै संचालक वा कम्पनीको प्रमूख कार्यकारी अधिकृत वा कम्पनी सचिव मध्ये कम्तीमा कूनै दूई जनाको दस्तखत र कम्पनीको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ । शेयर सम्बन्धी अन्य व्यवस्था कम्पनी कानुनमा उल्लेख भए बमोजिम हूनेछ ।

(११) खारेजी र बचाउ:

(क) निर्धन उत्थान बैंक लिमिटेडको नाममा मिति २०५५।७।१२ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा संस्थापन भएको यस कम्पनीको उक्त नियमावली खारेज गरी मिति २०६३।१।३ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा निर्धन उत्थान बैंक लिमिटेड (वित्तीय संस्था) नामबाट अभिलेख भएको नियमावली खारेज गरिएको छ ।

(ख) खण्ड (क) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम भए गरेका काम कारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

(ग) खण्ड (क) अन्तर्गत खारेज गरिएको नियमावली बमोजिम कम्पनी संस्थापना हूंदाका बखत कायम रहेका संस्थापकहरु र निजहरुले तत्काल लिन कबूल गरेको शेयर संख्या, सहीछाप, साक्षीहरु तथा निजहरुले सहीछाप गरेको कूरा निजको सहीछाप सम्बन्धी सम्पूर्ण विवरणहरु नियम ४२ मा उल्लेख भए बमोजिम कायम रहेको मानिनेछ ।

४२. <u>कम्पनीको खारेजी:</u>

(१) नेपाल राष्ट्र बैंकको स्वीकृति बिना कम्पनी स्वेच्छाले खारेज हून सक्ने छैन ।

(२) उपनियम (१) बमोजिम कम्पनीको स्वेच्छिक खारेजीको लागि निवेदन पर्न आएमा नेपाल राष्ट्र बैंकले आवश्यक जांचबूझ गरी कम्पनीले आफ्नो ऋण तथा दायित्व पुर्ण रुपमा भूक्तान गर्न सक्षम छ भन्ने कूरामा नेपाल राष्ट्र बैंक विश्वस्त भएमा नेपाल राष्ट्र बैंकले शर्त तोकी स्वेच्छिक खारेजीको अनूमति दिन सक्नेछ ।

(३) कम्पनीको खारेजी सम्बन्धी अन्य व्यवस्था प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, कम्पनी कानुन तथा अन्य प्रचलित कानुन अनूरुप हूनेछ ।

४३. <u>नियमावली बाझिएको हदसम्म निष्कृय हूने:</u>

यस नियमावलीमा उल्लेख भएका कूराहरु नेपाल राष्ट्र बैंक ऐन, २०५८ प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुन, कम्पनी कानुन, धितोपत्र कारोबार सम्बन्धी प्रचलित कानुन तथा अन्य प्रचलित नेपाल कानुनसंग बाझिएमा बाझिएको हदसम्म स्वत: निष्कृय हूनेछ र यस नियमावलीमा उल्लेख नभएका कूराहरुको हकमा सोही कानुन वा ऐनहरुमा उल्लेख भए बमोजिम हूनेछ ।

४४. <u>नियमावलीमा संशोधन भएमा लागु हूने अवस्था:</u>

यस नियमावलीमा कम्पनीले कूनै संशोधन गर्नूपर्ने भएमा प्रचलित कम्पनी कानुनको व्यवस्थाको अधिनमा रही गरिनेछ र सो संशोधन कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएपछि मात्र नियमावलीमा संशोधन भएको मानिनेछ ।

४५. <u>संस्थापकहरुले तत्काल लिन कबूल गरेको शेयर संख्या:</u>

हामी निर्धन उत्थान बैंक लिमिटेडका संस्थापकहरुले देहाय बमोजिमको संख्यामा शेयर लिन कबूल गरी देहायको साक्षीको रोहबरमा यस नियमावलीमा सहीछाप गरेका छौं:

| क्र.स. | संस्थापकको नाम, ठेगाना र सहीछाप | बाबूको नाम | बाजेको नाम | लिन कबूल गरेको साधारण शेयर संख्या | साक्षीको नाम, थर, ठेगाना र सहीछाप |
|---|---|---|---|---|---|
| | द................<br>नाम: निर्धन | | | | द...........<br>नाम: हरिनन्द अर्याल |

| | | | | | |
|---|---|---|---|---|---|
| १. | संस्था<br>(उपसमुह “क”)<br>ठेगाना:<br>अनामनगर<br>जिल्ला:<br>काठमाण्डौ<br>नगरपालिका:<br>काठमाण्डौ<br>महानगरपालिका<br>वडा नं. को<br>तर्फबाट हरिहर<br>देव पन्त<br>द......... | | | १२,००० (बाह्र हजार मात्र) | ठेगाना: कोटेश्वर<br>जिल्ला: काठमाडौं<br>नगरपालिका।ग.वि.स.<br>का.म.न.पा.<br>वडा नं. ३५ |
| २. | सही:<br>नाम: ग्रामीण<br>ट्रष्ट<br>(उपसमुह “ख”)<br>ठेगाना: मिरपूर<br>२, ढाका १२१६<br>बंगलादेशको<br>तर्फबाट<br>प्रतिनिधी<br>एच.आइ.लटिफि<br>द........... | | | ११,००० (एघार हजार मात्र) | नाम: एम.ए.बकी खाली<br>ठेगाना: यूनिभर्सिटी अफ ढाका<br>जिल्ला: ढाका वंगलादेश<br>नगरपालिका।ग.वि.स.<br>वडा नं.<br>द........ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | द............<br>नाम: नेपाल अरब बैंक लि. (उप समुह “ग”)<br>ठेगाना: कान्तीपथ<br>जिल्ला: काठमाण्डौ<br>नगरपालिका: काठमाण्डौ महानगर<br>वडा नं.: को तर्फबाट प्रतिनिधी विनय रेग्मी | | | १२,००० (बाह्र हजार मात्र) | नाम: रविन्द्र कूमार ढकाल<br>ठेगाना: काठमाडौं<br>जिल्ला: काठमाडौं<br>नगरपालिका।गा.वि.स.: का.म.न.पा.<br>वडा नं.: ७<br>द.......... |
| ४. | नाम: हिमालयन बैंक लि. (उपसमुह “ग”)<br>ठेगाना: त्रिदेवी मार्ग<br>जिल्ला: काठमाण्डौ<br>नगरपालिका: काठमाण्डौ महानगर<br>वडा नं.को तर्फबाट प्रतिनिधी अशोक राणा<br>द......... | | | १२,००० (बाह्र हजार मात्र) | नाम: अमर कृष्ण जोशी<br>ठेगाना: नघल क्वाडा<br>जिल्ला: काठमाडौं<br>नगरपालिका।गा.वि.स.: का.म.ना.पा.<br>वडा नं. १७<br>द............... |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | नाम: डा. हरिहर देव पन्त (उपसमुह "घ") ठेगाना: अनामनगर जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. द......... | | | ४१३० (चार हजार एक सय तीस मात्र) | नाम: सूजन नेपाल ठेगाना: डिल्लीबजार जिल्ला: काठमाडौं नगरपालिका।गा.वि.स.: का.म.न.पा. वडा नं. ३२ द........ |
| ६. | नाम: गणेश बहादूर थापा (उपसमुह "घ" ठेगाना: अनामनगर जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. द......... | | | १,००० (एक हजार मात्र) | नाम: भूवन रेग्मी ठेगाना: अनामनगर, काठमाडौं जिल्ला: काठमाडौं नगरपालिका।गा.वि.स.: का.म.न.पा. वडा नं. ३२ द.............. |
| ७. | द....... नाम: अपर्णा लक्ष्मी प्रधान (उपसमुह "घ") ठेगाना: महराजगंज जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. | | | २५० (दूई सय पचास मात्र) | नाम: माधवराम डंगोल ठेगाना: ब्रह्म टोल जिल्ला: काठमाडौं नगरपालिका।गा.वि.स.: का.म.न.पा. वडा नं. १२ द......... |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | द.......<br>नाम: डा. मोहनमान सैंजू<br>(उपसमुह "घ")<br>ठेगाना: सानेपा<br>जिल्ला: ललितपूर<br>नगरपालिका: ललितपूर उपमहानगर<br>वडा नं. २ | | | १,००० (एक हजार मात्र) | नाम: उत्सव प्र.ढकाल<br>ठेगाना: अनामनगर<br>जिल्ला: काठमाडौं<br>नगरपालिका।ग.वि.स. का.म.न.पा.<br>वडा नं.<br>द....... |
| ९ | द.....<br>नाम: शेर बहादूर थापा<br>(उपसमुह "घ")<br>ठेगाना: डिल्लीबजार, घट्टेकुलो<br>जिल्ला: काठमाण्डौ<br>नगरपालिका: काठमाण्डौ महानगर<br>वडा नं. | | | १,००० (एक हजार मात्र) | नाम: सूदीप राज नेपाल<br>ठेगाना: डिल्लीबजार<br>जिल्ला: काठमाडौं<br>नगरपालिका।ग.वि.स.: का.म.न.पा.<br>वडा नं. ३२<br>द............ |
| १० | नाम: हरि कृष्ण पन्त<br>(उपसमुह "घ")<br>ठेगाना: मैतिदेवी, डिल्लीबजार<br>जिल्ला: काठमाण्डौ<br>नगरपालिका: काठमाण्डौ महानगर<br>वडा नं.:<br>द............ | | | १०० (एक सय मात्र) | नाम: शान्ता चालिसे<br>ठेगाना: अनामनगर<br>जिल्ला: काठमाडौं<br>नगरपालिका।ग.वि.स.<br>वडा नं. ३२<br>द.............. |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | नाम: जनार्दन देव पन्त (उपसमुह “घ”) ठेगाना: अनामनगर जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. द............... | | | ३०० (तीन सय मात्र) | नाम: सूशीला चालिसे ठेगाना: अनामनगर जिल्ला: काठमाडौं नगरपालिका।ग.वि.स.: काठमाडौं वडा नं. ३२ द............. |
| १२ | द.............. नाम: यादव राज पाण्डे ठेगाना: ज्ञानेश्वर पूल जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. | | | २५ (पचिस मात्र) | नाम: दीपक राज घिमिरे ठेगाना: सि.न.पा. जिल्ला: रुपन्देही नगरपालिका।ग.वि.स.: सिद्धार्थनगर वडा नं. ७ द............... |
| १३ | द............. नाम: विमला पाण्डे ठेगाना: ज्ञानेश्वर पूल जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. | | | १० (दस मात्र) | नाम: कोशलेश पाण्डे ठेगाना: सि.न.पा. जिल्ला: रुपन्देही नगरपालिका।ग.वि.स.: सिद्धार्थनगर वडा नं. ३ द............... |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | द............... नाम: मिना पन्त ठेगाना: अनामनगर, शान्तिपथ जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. ३२ | | | ५ (पांच मात्र) | नाम: नन्द किशोर पाण्डे ठेगाना: छिपागढ, सूइलिहवा जिल्ला: रुपन्देही नगरपालिका।ग.वि.स.: छिपागढ वडा नं. ७ द............ |
| १५ | द............. नाम: जगन्नाथ चालिसे ठेगाना: शान्तिपथ, अनामनगर जिल्ला: काठमाण्डौ नगरपालिका: काठमाण्डौ महानगर वडा नं. ३२ | | | २५ (पचिस मात्र) | नाम: सूरेन्द्र अधिकारी ठेगाना: सि.न.पा. १२ जिल्ला: रुपन्देही नगरपालिका।ग.वि.स. सिद्धार्थनगर वडा नं. १२ द............... |
| १६ | द................ नाम: देवेन्द्र बहादूर राउत ठेगाना: विराटनगर१२, पांचाली जिल्ला: मोरंग नगरपालिका: विराटनगर उपमहानगर | | | १०० (एक सय मात्र) | नाम: श्रीमति भगवती थापा ठेगाना: सिक्टहन गा.वि.स. जिल्ला: रुपन्देही नगरपालिका।ग.वि.स. सिक्टहन वडा नं. ६ प्रगतिनगर द.............. |
| १७ | द.............. नाम: राज नारायण दास ठेगाना: लोखरम जिल्ला: सप्तरी गा.वि.स. कोचाबखारी वडा नं. २ | | | १० (दश मात्र) | नाम: रामचन्द्र पाल ठेगाना: मभ्कगावा जिल्ला: रुपन्देही नगरपालिका।ग.वि.स. मभ्कगावा वडा नं. १ द................ |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | द.............. नाम: केशव कूमार पौडेल ठेगाना: हल्वार ४, बनहरी जिल्ला: दाङ्ग गा.वि.स. हल्वार वडा नं. ४ | | | ५ (पांच मात्र) | नाम: बूधवल गूरुंग ठेगाना: जौबारी ७ जिल्ला: गोरखा नगरपालिका।ग.वि.स. जौबारी वडा नं.७ द............ |
| १९ | द................. नाम: कृष्णराज चौधरी ठेगाना: आनन्दवन ८ जिल्ला: रुपन्देही वडा नं. ८ | | | ५ (पांच मात्र) | नाम: श्याम कूमार थापा ठेगाना: पडसरी ५ जिल्ला: रुपन्देही नगरपालिका।ग.वि.स. पडसरी वडा नं. २१ द........... |
| २० | द................. नाम: दिलीप गौतम ठेगाना: हल्वार ६ जिल्ला: दाङ्ग वडा नं. ६ | | | ५ (पांच मात्र) | नाम: सूनिल खनाल ठेगाना: भ.न.पा. २ जिल्ला: चितवन नगरपालिका।ग.वि.स. भरतपूर वडा नं. २ द.......... |
| २१ | द................ नाम: विन्दा सिंह ठेगाना: हकूई ५, हकूई जिल्ला: नवलपरासी वडा नं. ५ | | | ५ (पांच मात्र) | नाम: भोज राज बश्याल ठेगाना: खानीगांउ ६ पाल्पा जिल्ला: पाल्पा नगरपालिका।ग.वि.स. खानीगाउ वडा नं.६ द........... |
| २२ | द............... नाम: गंगापाल चौधरी ठेगाना: छिपागढ ७, सूइलिहवा जिल्ला: रुपन्देही वडा नं. ७ | | | ५ (पांच मात्र) | नाम: गोविन्द बहादूर थापा ठेगाना: महेन्द्रनगर ६ बांगेबजार जिल्ला: सूनसरी नगरपालिका।ग.वि.स. महेन्द्रनगर वडा नं. ६ द............ |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | द.................. नाम: भोजराज घिमिरे ठेगाना: आ.वा. रोड भैरहवा जिल्ला: रुपन्देही नगरपालिका: सिद्धार्थनगर वडा नं. ७ | | | २० (विस मात्र) | नाम: केशव शर्मा ठेगाना: सि.न.पा. ७ जिल्ला: रुपन्देही नगरपालिका।ग.वि.स. सिद्धार्थनगर वडा नं. ७ द..................... |

मैले मस्यौदा गरेको यस नियमावलीमा संस्थापक तथा साक्षिहरुले मेरो सामुन्ने हस्ताक्षर गरेका हुन् र नियमावलीमा प्रचलित कानूनसंग बाझिने कुनै प्रावधान छैन भनी प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेन्टको:

(क) नाम: रत्नराज बज्राचार्य
(ख) दस्तखत: द......................................
(ग) प्रमाण पत्र न.: क १२४।०४९
(घ) मिति: २०४९।९।१२